Regd No: 77/1263/057/058

PAN No: 302275560

iPPAN

नेपालको समृद्धिका लागि ऊर्जा

# स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

# Independent Power Producers' Association, Nepal

President
Ganesh Karki

Senior Vice President
Mohan K. Dangi

Vice President
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

General Secretary
Balaram Khatiwada

Deputy General Secretary
Prakash Chandra Dulal

Secretary
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

Treasurer
Narendra Ballav Panth

Member
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

Associate Member
Shailendra Guragain

IPP & Chief Advisor
Krishna P. Acharya

च न ०८०/८१-८६

मिति : २०८०/१२/१२

**माननीय उर्जामन्त्री शक्ति बहादुर बस्नेतज्यू**
नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल iPPAN 2001 INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय नेपाल सरकार २०७४ ९२।९२

**विषय: आर्थिक वर्ष २०८१/८२ को बजेटको लागि सुझावहरु पेश गरिएको सम्बन्धमा ।**

महोदय,

नेपालका निजी जलविद्युत उत्पादकहरुले सरकारको पन्ध्रौं योजना र ऊर्जा उत्पादन मार्गचित्रको आधारमा यस क्षेत्रमा ठूलो लगानी गरिरहेको अवगतनै छ। निर्माण सम्पन्न २ हजार २१४ मेगावाट, निर्माणाधीन ३ हजार ३०० मेगावाट तथा निर्माणमा जान लागेका १९ हजार ६२३ मेगावाटका आयोजनाका लागि १० खर्बभन्दा बढी लगानी गरिसकेको छ। १० बर्षमा १५ हजार मेगावाट बिद्युत उत्पादन र १० बर्षभित्र १० हजार मेगावाट व्यापारमार्फत मुलुकमा आर्थिक समृद्धि हासिल गर्ने सरकारको लक्ष्यलाई पूरा गर्न निजी क्षेत्र निरन्तर रुपमा सक्रिय छ। मुलुकमा निर्यात बढाउन तथा आयात न्यूनीकरण गर्न, सरकारको उज्यालो नेपालको अभियानलाई सफल पार्न तथा राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेर काम गरिरहेको ऊर्जा विकासलाई अझ तीव्रता दिनका लागि यस क्षेत्रको विकास र प्रवर्द्धन गर्नुपर्ने यथार्थतालाई मनन गरी सरकारको आगामी नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०८१/०८२ को बजेटमा देहायका सुझावहरु समावेश गरिदिन हुन माननीय ऊर्जामन्त्रीज्यू समक्ष स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) को तर्फबाट हार्दिक अनुरोध गर्दछौं।

**देहाय:**

१) सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरुको मर्मत सम्भारका लागि मेशिन तथा मेसिनरी पार्टपुर्जाहरु तथा स्टिल पाता/पाइप आयात गर्दा एक प्रतिशत भन्सार महशुस लिई मूअकर छुट गर्ने आर्थिक बर्ष २०७८/०७९ सम्म कायम रहेकोमा चालु बर्षमा हटाइएकोले पुन: पहिलाकै व्यवस्था कायम गरिदिनुहुन ।

२. आयोजना निर्माण तथा संचालनमा लागेको मूल्य अभिबृद्धि कर कट्टि वा फिर्ता विधिबाट आयोजना निर्माण लागतमा कर पुँजीकृत हुने हालको व्यवस्था हटाई तत्काललाई विद्युतको स्थानीय बिक्री तथा निकासीमा मूल्य अभिबृद्धि करको दर शुन्य लगाउने व्यवस्था गर्दा ग्राहक मूल्य पनि नबढ्ने र आयोजना निर्माणमा हुने कर लागतसमेत कम हुन गई नेपालमा उत्पादित विद्युत सस्तो र प्रतिस्पर्धी हुने हुँदा विद्युतको बिक्रीलाई मूल्य अभिबृद्धि कर लाग्ने वस्तुका रुपमा व्यवस्था गरी दिन हुन ।

३. विद्युत् उत्पादनको क्षेत्रमा विगतका कोभिड-१९ को माहामारीको असर, विश्वको आर्थिक मन्दी, बैंकमा देखिएको तरलता लगायतका कारणले आयोजनाको निर्माण कार्य ढिलाई भएकोले विद्युत् उत्पादन अनुमती पत्र र RCOD को म्याद २ वर्ष थप गरी दिन हुन ।

४. जलविद्युत तथा सौर्य विद्युत आयोजनाहरुले ग्रिन हाउस ग्याँस उत्सर्जन गर्न सहयोग पुर्‍याउने भएकाले भोलन्टरी कार्बन मार्केटमा कार्बन विक्री गर्न उत्पादन कम्पनीहरुलाई निजी क्षेत्रबाट पहल गर्न, आर्थिक लाभ लिन सरकारले सहमति प्रदान गर्ने ।

५. बि.सं. २०९२ वा सन् २०३५ सालसम्म १२ बर्षमा २८ हजार ५ सय मेगावाटको मार्गचित्र सरकारले तयार पारेको छ। आयोजनाहरु निश्चित अवधिपछि सरकारलाई हस्तान्तरण हुने भएकोले २८५०० मेगावाट वरावरको उत्पादनको लक्ष्य प्राप्त नहुन्जेलसम्म यसलाई निरन्तरता गरी दिनु हुन ।

६. नेपालमा विद्युतको बढ्दो उत्पादनको बजार व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विद्युत् व्यापार गर्नका लागि निजी क्षेत्रलाई विद्युत् व्यापार, प्रसारण लाईन निर्माण र हाइड्रोजन उत्पादनका लागि अनुमतिको व्यवस्था गर्न हुन ।

Heritage Plaza II, Kamaladi, PO Box: 20010, Kathmandu, Nepal, Tel: 977-1-4169175, Email: info@ippan.org.np, Web: www.ippan.org.np

*President*
Ganesh Karki
*Senior Vice President*
Mohan K. Dangi
*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama
*General Secretary*
Balaram Khatiwada
*Deputy General Secretary*
Prakash Chandra Dulal
*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel
*Treasurer*
Narendra Ballav Panth
*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha
*Associate Member*
Shailendra Guragain
*IPP & Chief Advisor*
Krishna P. Acharya

७. बैंक तथा बित्तीय संस्थाहरुले जलबिद्युत क्षेत्रमा कम्तीमा २० प्रतिशत लगानी अनिवार्य गर्ने व्यवस्था गरिदिन हुनका साथै पुर्नकर्जाको सीमा एक अर्बसम्म पुर्याई दिनुहुन ।

८. नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने मूल्यवृद्धि सुचांक अनुसार PPA दर लाई समायोजन गरिने व्यवस्था गरिदिनुहुन ।

९. निजी जलविद्युत प्रवर्द्धकहरुको समेत सहभागितामा निजी क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि मन्त्रालयमा ऊर्जा विकास इकाई गठन गरी यसमार्फत विभिन्न कार्यक्रम गर्ने व्यवस्था गरिदिनुहुन ।

१०. जलविद्युत आयोजनालाई स्वीकृत EIA/IEE मा निर्धारण गरिएको जग्गाको हदसम्मको जग्गा खरिद गर्दा हदबन्दी नलाग्ने व्यवस्था गरिदिनुहुन ।

११. नेपाल सरकारको बजेट वक्तव्य २०७१/०७२ मा घोषणा भए बमोजिम निर्माण सम्पन्न भई व्यापारिक उत्पादन शुरु गरेका आयोजनाहरुलाई दिने भनिएको प्रति मेगावाट रु. ५० लाख भ्याट फिर्ता भूक्तानीको व्यवस्था २८,५०० मेगावाट उत्पादन लक्ष्य प्राप्त नभएसम्मको लागि कायम गर्दै कार्यान्वयनको व्यवस्था गरी दिन हुन ।

१२. विद्युतीय सवारी साधानको आयात गर्दा, डिजेल/पेट्रोलको ईञ्जिनलाई ईलेक्ट्रिकमा परिणत गर्न आयात गरिने ईलेक्ट्रिक ईञ्जिन, घरायसी विद्युतीय सामानहरुमा शतप्रतिशत कर छुट दिन र निजी क्षेत्रलाई चार्जिङ स्टेशन स्थापना गर्न अनुमति दिन हुन ।

१३. घरायसी तथा औद्योगिक विद्युत् खपत विस्तार गर्नको लागि विद्युत्को वितरण तथा प्रसारण प्रणालीमा सुधार र ग्याँसको विस्थापनको लागि ग्याँसमा दिइएको अनुदान खारेज गरी मिटर अपग्रेड गर्न र ईन्डक्सन चुलोमा अनुदान दिन हुन ।

१४. सञ्चालनमा आएका जलविद्युत आयोजनाहरुले आयोजना क्षेत्रमा सौर्य विद्युत उत्पादन (बढीमा एक मेगावाटसम्म) विद्युत उत्पादन गर्न चाहेमा साविककै विद्युत खरिद दर अनुसार पीपीएको व्यवस्था गरिदिनुहुन ।

१५. विद्युत् खपत बढाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका व्यारेक, सरकारी अस्पताल र होस्टलहरुमा विद्युतीय चुलोको उपयोग अनिवार्य गर्ने व्यबस्था गरी दिन हुन ।

१६. स्वदेशी पूँजीबाट निर्मित १० मेगावाटसम्मका आयोजनाहरुलाई विद्युत् उत्पादनको १५ वर्षसम्म रोयल्टी मिनाहा गरी दिन हुन ।

१७. १५००० मेगावाटसम्मका लागि वा बि.स. २०९० सालसम्ममा उत्पादन शुरु गर्ने जलविद्युत आयोजनाहरुलाई १५ बर्षसम्म शत प्रतिशत कर मुक्त (Tax Holday) को व्यवस्था गरिदिन हुन,

१८. जलासययुक्त आयोजनाहरुको प्रोत्साहनका लागि हाल भईरहेको पीपीए दर न्यून भएकोले निजी क्षेत्र आकर्षित हुन नसकेकाले पीपीए दर वृद्धि गरिदिनुपर्ने ।

१९. ऊर्जा उद्यमीहरुले नेपाल सरकारका १४ मन्त्रालय र ४० वटा विभागमा धाउनु पर्ने परिपाटीको अन्त्यको लागि ऊर्जा, जलस्रोत तथा सिन्चाई मन्त्रालयमा अधिकार सम्पन्न एकद्वार प्रणालीको व्यवस्था गरी दिन हुन ।

२०. विद्युतीय सवारी साधानको आयात गर्दा, डिजेल/पेट्रोलको ईञ्जिनलाई ईलेक्ट्रिकमा परिणत गर्न आयात गरिने ईलेक्ट्रिक ईञ्जिन तथा घरायसी विद्युतीय सामानहरुमा शतप्रतिशत कर छुट दिने व्यवस्था गरिदिनुहुन ।

*President*
Ganesh Karki

*Senior Vice President*
Mohan K. Dangi

*Vice President*
Ananda Chaudhary
Ashish Garg
Bharat B. Khatri
Ram P. Acharya
Uttam Bhlon Lama

*General Secretary*
Balaram Khatiwada

*Deputy General Secretary*
Prakash Chandra Dulal

*Secretary*
Bharat Kumar Khadka
Bharat Nepal
Bikram Bista
Him P. Pathak
Kabita Pokhrel

*Treasurer*
Narendra Ballav Panth

*Member*
Bharat P. Parajuli
Bijay Mohan Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Mithun C. P. Paudel
Shankar Bashyal
Suman Joshi
Susan Karmacharya
T N Acharya
Uttar K. Shrestha

*Associate Member*
Shailendra Guragain

*IPP & Chief Advisor*
Krishna P. Acharya

२१. घरायसी तथा औद्योगिक विद्युत् खपत विस्तार गर्नको लागि विद्युत्को वितरण तथा प्रसारण प्रणालीमा सुधार र ग्याँसको विस्थापनको लागि ग्याँसमा दिइएको अनुदान खारेज गरी मिटर अपग्रेड गर्न र ईन्डक्सन चुलोमा अनुदान दिने व्यवस्था गरिदिनुहुन ।

२२. स्वदेशी पूँजीबाट निर्मित १० मेगावाटसम्मका वद्युित आयोजनाहरुलाई विद्युत् उत्पादनको १५ वर्षसम्म रोयल्टी मिनाहाको व्यवस्था गरिदिनुहुन ।

२३. १५००० मेगावाटसम्मका लागि वा बि.स. २०९० सालसम्ममा उत्पादन शुरु गर्ने जलविद्युत आयोजनाहरुलाई १५ बर्षसम्म शत प्रतिशत कर मुक्त (Tax Holday) को व्यवस्था गरिदिन हुन ।

२४. भवितव्य दुर्घटनाका कारण खराब भएका मेसिनरी उपकरणहरु मर्मतका लागि देश बाहिर लिने र ल्याउने सहज व्यवस्था गरिदिनुहुन ।

२५. सरकारी आयोजनाले मात्रै पाइरहेको बिस्फोटक पदार्थको भन्सार छुट सुविधा निजी जलविद्युत आयोजनामालाईसमेत दिएर १ प्रतिशत भन्सार दरमा ल्याउन पाउने व्यवस्था गरिदिनुहुन ।

२६. देशको आर्थिक वृद्धिदर अनुसार विभिन्न क्षेत्रको रोयल्टी बढाउनुपर्नेमा ढुङ्गा गिट्टीको रोयल्टी १.५ रुपैयाँबाट एकैपटक ७ रुपैयाँ पुऱ्याएकाले यसलाई संसोधन गरिदिनुहुन । त्यस्तै सरकारी जग्गाको मुल्य पनि ११ देखि १८ लाख प्रति हेक्टरबाट एकैपटक ३० देखि ८० लाख रुपैयाँ पुऱ्याएकोले सरकारी जग्गा जलविद्युत र प्रसारणलाइनमा प्रयोग हुँदा किन्न नपर्ने व्यवस्था गरिदिनुहुन ।

२७. अन्य वस्तु निर्यातकर्ताले पाइरहेको अनुदान विद्युत निर्यातकर्तालाई समेत दिने व्यवस्था गरिदिनुहुन ।

२८. धेरै विद्युत आयोजनासँग स्थानीय सरकारले दोहोरो कर मागिरहेकोले स्थानीय सरकारले ऊर्जा आयोजनाबाट छुटै कर लिन नपाउने भन्ने कडा र स्पष्ट व्यवस्था गर्नुपर्ने । संघ प्रदेश र स्थानीय करमा एकरुपता कायम गरिदिनुहुन ।

२९. विदेश बाट सामान आयात गर्दा भन्सार छुट पाउने तर स्वदेशी निर्माण सामाग्रीमा छुट नपाउने व्यवस्था जायज नभएकोले स्वदेशी र विदेशी निर्माण सामाग्रीको प्रयोगमा एकरुपता ल्याउने व्यवस्था गरिदिनुहुन ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
iPPAN
2001
INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

भवदीय

गणेश कार्की
अध्यक्ष